यस मार्गनिर्देशिकामा स्वैच्छिक सहायताप्राप्त मृत्युसँग सम्बन्धित संवेदनशील जानकारी हुन सक्छ

## मार्गनिर्देशिका १ - स्वैच्छिक सहायताप्राप्त मृत्यु के हो र तपाईं कसरी आफ्नो भनाइ राख्न सक्नुहुन्छ?

जीवन अन्त्यको नजिक रहेकाहरूका लागि करूणादायी, उच्च - गुणस्तरीय र पहुँचयोग्य उपशामक (प्यालिएटिभ) हेरचाहको सुनिश्चितता सबै टेरेटोरीवासीहरूको मौलिक अधिकार हो । अन्य सबै अष्ट्रेलियालीहरू जस्तै, नर्दन टेरेटोरी (NT) समुदायलाई पनि आफ्नो जीवन अन्त्यको हेरचाह सम्बन्धि विकल्पहरू छनौट गर्ने स्वतन्त्रता हुनुपर्छ ।

सन् १९९५ मा स्वैच्छिक सहायताप्राप्त मृत्यु (VAD) परिचय गराउने अष्ट्रेलियाको पहिलो अधिकार क्षेत्रको रूपमा NT को एक अद्वितीय इतिहास छ । आज, धेरै टेरेटोरीवासीहरूले आफ्नो जीवन अन्त्यको हेरचाहको लागि वास्तविक विकल्पहरू खोज्छन्, जसमा उनीहरूको अन्तिम क्षणहरूलाई उनीहरूले आस्था राखेका मान्यताहरूसँग मेलखाने विकल्पहरू पनि पर्दछन् ।

स्वैच्छिक सहायताप्राप्त मृत्यु एक सावधानीपूर्वक नियमन गरिएको प्रक्रिया हो जसले व्यक्तिहरूलाई उनीहरूले सबै कानुनी मापदण्डहरू पूरा गरेको अवस्थामा उनीहरूको इच्छा अनुसार आफ्नो जीवन समाप्त गर्ने छनौट प्रदान गर्दछ ।

VAD ढाँचाले सुरक्षा, नैतिकता, तथा व्यक्ति र स्वास्थ्य सेवा पेशेवरहरू दुबैको सुरक्षामा बलियो जोड दिन्छ । डिसेम्बर २०२२ मा, अष्ट्रेलियन सेनेटले NT र अष्ट्रेलियन क्यापिटल टेरेटोरी (ACT) लाई VAD कानून लागू गर्नबाट रोकेका अघिल्ला प्रतिबन्धहरू हटाउँदै, क्षेत्र अधिकार पुनर्स्थापना ऐन (Cth) पारित गर्यो ।

स्वैच्छिक सहायताप्राप्त मृत्यु भिक्टोरिया, पश्चिमी अष्ट्रेलिया, तास्मेनिया, क्वीन्सल्याण्ड र दक्षिण अष्ट्रेलियामा पहिले नै पहुँचयोग्य छ, र नोभेम्बर २०२३ मा न्यू साउथ वेल्समा पेश गरिनेछ । ACT ले २०२३ मा आफ्नो विधान सभामा VAD कानूनलाई विचार गर्नेछ ।

### सामुदायिक संलग्नता

परामर्श प्रक्रियाको एक अंशको रूपमा एक विशेषज्ञ सल्लाहकार प्यानल स्थापना गरिएको छ ।

Vicki O'Halloran AO CVO र Duncan McConnel CS द्वारा सह - अध्यक्षता गरिएको प्यानलले, जुलाई २०२४ सम्म NT सरकारलाई प्रदान गरिने अन्तिम रिपोर्टलाई आकार दिन आवश्यक सुझाबहरू सङ्कलन गर्न टेरेटोरीवासीहरूसँग संबाद गर्न प्रतिबद्ध छ ।

स्वैच्छिक सहायताप्राप्त मृत्यु बारेमा समुदायका प्रश्नहरू र प्रतिक्रियाहरूको सुनुवाई एवं सम्बोधन होस् भन्ने सुनिश्चित गर्न यस परामर्श प्रकृयाले नर्दन टेरेटोरीका प्रमुख शहरी केन्द्रहरू लगाएत क्षेत्रीय र दुर्गम क्षेत्रहरूलाई पनि समावेश गर्नेछ ।प्यानलको प्राथमिकता भनेको परामर्शले आदिवासी टेरेटोरीवासीहरू र अन्य सांस्कृतिक र धार्मिक समूहहरूको दृष्टिकोणलाई ध्यानमा राखोस् भन्ने सुनिश्चित गर्नु हो ।

यी ५ छलफल मार्गनिर्देशिकाहरू VAD कानून, नियमहरू, र सञ्चालनको विकासमा योगदान दिन चाहनेहरूलाई सहयोग गर्न बनाइएको हो । तिनीहरूले अन्य अष्ट्रेलियाली राज्यहरूमा रहेका VAD को बारेमा जानकारी प्रदान गर्छन् र पाँच महत्वपूर्ण क्षेत्रहरूमा विचार र प्रतिक्रियाको लागि मुख्य

विषयहरूको रूपरेखा बनाई दिन्छन् । यी मार्गनिर्देशिकाहरूले विशेषज्ञ प्यानलले सम्बोधन गर्ने विशिष्ट प्रश्नहरूलाई पनि जोड दिन्छन्:

१. अन्तर्राष्ट्रिय उदाहरणहरू सहित अन्य क्षेत्राधिकारहरूको VAD अनुभवहरूबाट नर्दन टेरेटोरीले कस्ता पाठहरू सिक्न सक्छ?

२. VAD मा कसको पहुँच हुनुपर्छ?

३. व्यक्तिहरूले VAD पहुँच गर्ने प्रक्रिया के हुनुपर्दछ?

४. नर्दन टेरेटोरीको सन्दर्भमा VAD लाई प्रभावकारी रूपमा लागू गर्न कस्ता हेरचाहका मोडेलहरू अपनाउनु पर्छ?

५. VAD मा संलग्न स्वास्थ्य सेवा व्यवसायीहरूको कानुनी र नैतिक जिम्मेवारीहरू के के हुनुपर्छ?

६. VAD खोज्ने वा प्रदान गर्ने व्यक्तिको लागि कस्ता सुरक्षा उपायहरू स्थापित गर्न आवश्यक छ?

७. अनुपालनलाई कसरी अनुगमन गर्नुपर्छ?

८. प्यानलले सान्दर्भिक ठानेका अन्य कुनै पनि प्रश्नहरू ।

स्वास्थ्य, गैर - सरकारी संगठनहरू, सामुदायिक समूहहरू, आदिवासी समुदाय - नियन्त्रित संगठनहरू, शिखर निकायहरू, विश्वविद्यालयहरू, र अनुसन्धानकर्ताहरू लगायत NT का विभिन्न क्षेत्रका सरोकारवालाहरू सक्रिय रूपमा संलग्न हुनेछन् ।

यो याद राख्नु महत्त्वपूर्ण छ कि कानूनमा बहस र पारित भएपछि, योग्य व्यक्तिहरूलाई स्वैच्छिक सहायताप्राप्त मृत्युको उपलब्धता तत्काल हुने छैन, उपयुक्त प्रशिक्षण र नियमहरू तथा प्रक्रियाहरू पूरा गर्न र स्थापित गर्न आवश्यक हुनेछ ।

VAD को बारेमा थप जान्न र आफ्नो सुझाब साझा गर्न, cmc.nt.gov.au/vad मा जानुहोस् ।